# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०७९/०८०
चलानी नं. :-

मिति :- २०७९।०७।०२

**सूचना नं. : १४**

## निर्वाचन आचारसंहीता पालना सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत प्राप्त निर्वाचन आयोग नेपालको च.नं. २२३, मिति २०७९ ।०६।२८ को पत्र बमोजिम आगामी २०७९ साल मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचन आचासंहिता, २०७९ को प्रभावकारी कार्यान्वयनका लागि केन्द्रीय आचारसंहिता अनुगमन समितिको मिति २०७९।०६।२७ गतेको निर्णय अनुसार यस विहादी गाउँपालिका अन्तर्गतका अर्वाचन आचारसंहिता, २०७९ पालना गर्नुपर्ने दायित्व भएका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारी, शिक्षक सुरक्षाकर्मी लगायत सम्पूर्णले निर्णय बमोजिम आचारसंहिताको पूर्ण पालना गर्नुहुन सूचिन गरिन्छ ।

२०७९।७।२

**हरि प्रसाद भुसाल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

.सं. च.नं./Ref:

दहायें

"निर्वाचन आचारसंहिता, २०७९ पालना गर्नुपर्ने दायित्व भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति जस्ता निकायमा कार्यरत कर्मचारी, सुरक्षाकर्मी तथा विद्यालय वा विश्वविद्यालयका शिक्षक, प्राध्यापक, कर्मचारी लगायत निर्वाचनको काममा संलग्न कर्मचारीले निर्वाचन आचारसंहिता विपरितको काम कारबाही गरेको अवस्थामा निजहरुलाई कानून बमोजिम कारबाही गर्नु पर्ने भएकोले कुनै कर्मचारीले राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुने वा प्रचारप्रसार गर्ने, सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्ने वा सामाजिक सञ्जाल मार्फत मत माग्ने लगायतका निर्वाचन आचारसंहिता विपरितको काम कारबाही गरेमा त्यस्ता कर्मचारी, शिक्षक, प्राध्यापक, सुरक्षाकर्मी समेतलाई निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसूर र सजाय) ऐन, २०७३, निर्वाचन आचारसंहिता, २०७९ तथा प्रचलित कानून बमोजिम विभागीय कारबाही गरी सोको जानकारी निर्वाचन आयोग र सम्बन्धित जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समितिलाई गराउन निर्वाचन आचारसंहिता लागू हुने सबै निकायका प्रमुखलाई निर्देशन दिने"।

२०७९।६।२१

(गुरु प्रसाद बाग्ले)
उपन्यायाधिवक्ता